माडी नगरपालिका
नगरपालिका कार्यपालिकाको कार्यालय
बसन्तपुर, चितवन
बागमती प्रदेश, नेपाल ।
फोन नं: ०५६-५०१०२१

माडी नगरपालिका कार्यपालिकाको कार्यालय बसन्तपुर,चितवन बागमती प्रदेश,नेपाल २०७३

प.सं.:
च.नं.:

मितिः२०८१।०१।१०

## गाइगोरुमा लम्पि स्किन रोग बिरुद्ध खोप कार्यक्रम संचालन सम्बन्धी अत्यन्त जरुरी सूचना !!!

प्रस्तुत बिषयमा पशु सेवा कार्यालय भरतपुर, चितवन र माडी नगरपालिकाको समन्वयमा गाइभैसिको संक्रामक रोग लम्पि स्किन रोग बिरुद्ध खोप कार्यक्रम संचालन गरिनेहुदा यस सूचना प्रकाशन भएको मितिले १० दिन (मिति २०८१।०१।१९ गते भित्र ) आफुले पालेका गाइगोरुहरुको विवरण पायक पर्ने स्थान (दुग्ध उत्पादक सहकारी/ समुह/ निजि डेरी, वडा कार्यालय, पशु सेवा केन्द्र, माडी नगरपालिका पशुपन्छी तथा मत्स्य विकास शाखा मा उपलब्ध गाराइदिनुहुन खोप संचालन समयमा खोप लगाइ सुरक्षित गर्नुहुन अनुरोध छ।

**खोप कार्यक्रम सम्बन्धी विवरण**

**खोपः** लम्पि स्किन रोग बिरुद्धको खोप **मितिः** मिति २०८१।०१।२३ गते देखि २०८१।०१।२९ सम्म

**स्थानः** घुम्ती खोप केन्द्रहरु **समयः** बिहान ७ देखी १० बजे सम्म

**खोप लगाइने पशुहरुः** तत्कालिन समयमा बिरामी परेका बाहेक ३ महिना उमेर पुगेका सम्पुर्ण गाइगोरुहरु ।

(खोप गर्भवती पशुहरुमा पनी सुरक्षीत छ)

**रोग सम्बन्धी जानकारीः**

**लक्षणः** गाइ भैसिमा ज्वरो सहित शरिरको बिभिन्न भाग तथा भित्रि तहमा गाठागुठी देखिने, गाठागुठीबाट पनी बग्ने र पाक्ने, पशु छटपटाउने, खुट्टा खोच्चाउने, दुध उत्पादन घट्ने र मृत्यु समेत हुन सक्ने आदी।

**सर्ने तरीकाः** बिषाणुबाट लाग्ने यो रोग लामखुट्टे र भुसुनाको टोकाइबाट गर्दछ र संक्रमित स्थानबाट पशु ओसार पसार गर्दा रोग सर्दछ।

**रोकथामको उपायहरुः** गोठ र मलखादको दुरी १० मिटर कायम गर्ने, गोठ नियमित रुपमा फिनेल पानीले सफा गर्ने तथा सरसफाइमा विशेष ध्यान दिने, पशुबाध्ने गोठमा दिसा मलमुत्र तथा पानि जम्न नदिने, गोठ वरपरका खाल्टाखुल्टी पुर्ने लामखुट्टेका फुल नष्ट गर्न मट्टीतेल छर्कने, भुसुना तथा लामखुट्टेबाट जोगाउन साझमा गोठ धुवाउने, गोठको जैविक सुरक्षाका लागी अनाधिकृत रुपमा मानिसको आवतजावत नगर्ने, प्रवेशद्वारमा चुना/ चुनापानीको व्यवस्था गरी अनिवार्य रुपमा चुनमा टेकेरमात्र प्रवेश गराउने, संक्रमित स्थान तथा संक्रमणको उच्च जोखिमका स्थानबाट पशु खरीद नगर्ने, रोगी पशुलाइ अलग्गै राखि दानापानिको ब्यबस्था गर्ने, निरोगी पशुको स्याहार सुसार पछी मात्र रोगी पशुको स्याहार गर्ने ।

**थप जानकारीका लागिः**

डा सन्देश पौडेल (पशु चिकित्सक) ९८६७३१८७८२, झलक पौडेल (भ्याक्सिनेटर) ९८६५२४२७६६

डा. रबिन वस्ताकोटी
पशु विकास अधिकृत(सातौं)

dms.maddimun@gmail.com

CamScanner